# एक्सेल डेभलपमेन्ट बैंक लि.

**Excel Development Bank Ltd.**

... तपाईंको स्थानीय साझेदार (Your Local Partner)

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा

फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np


(प्रकाशित मिति: वि.सं.२०७८/०८/०२)

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पन्ध्र) १५ दिने गोप्य शिलबन्दी बोलपत्र आहवान गरिएको सूचना

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्याद भित्र कर्जा चुक्ता/भुक्तान नगरि/नगराई लिखित तथा मौखिक तरताकेता र पत्र पत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने ३५ र १५ दिने सार्वजानिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउने तर्फ कुनै चासो नदेखाएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्ययमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छूक महानूभावहरुबाट यो सुचना पत्रिकामा प्रकाशित भएको मितिले **१५औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपूग्ने गरी बोलपत्र फारममा उललेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । बोलपत्र फारम रु.१००।– तिरि यस बैंकको **मुख्य कार्यालय, बिर्तामोड, झापा** र **शाखा कार्यालयहरु बाट** कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ । प्राप्त बोलपत्रहरु यो सुचना प्रकाशित भएको **१६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खूलेको दिनमा दिनको ३:००बजे **शाखा कार्यालय, दमकमा** खोलिने हुदा बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित हून समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनूपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमक्दाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचिमा समावेश गरी असुल उपर हुन बांकी रहेको रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको र /वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हून नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनूकूलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ । बोलपत्र सम्वन्धि अन्य शर्तहरु सम्बन्धमा यस बैंकको वेवसाइट **www.edb.com.np** मा राखिएको यसै सुचनाको पुर्ण पाठ बाट वा यस बैंकको नजिकको शाखामा सर्म्पक गरी जानकारी लिनुहुन अनुरोध गरिन्छ ।

### तपसिल

| क्र.सं | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण | कर्जा शिर्षक | ऋणी/ ऋणी फर्मको प्रोप्राइटर/साझेदार/संचालक एवं जमानतकर्ताको फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|
| | **ऋणी:** घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर झापामा दर्ता नं. **७५/४०/१००५५** कायम रहेको **हाम्रो सुनचांदी पसल**का तर्फवाट ऐ.का प्रोप्राईटर भगिरथ पोखरेलको नाती विष्णु प्रसाद पोखरेलको छोरा सुनसरी जिल्ला, बराहक्षेत्र गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ११, दुधे बजार बस्ने मिती २०५८।०९।०९ मा जिल्ला प्रशासन कार्यालय सुनसरीवाट जारी गरिएको ना. प्र. नं २३१/३१८/०४४ भएको बर्ष ४८ को **श्री कृष्ण पोखरेल** ।<br><br>ब्यक्तिगत जमानीकर्ता :<br>**श्रीमती मञ्जु पोखरेल**<br>बाबु : देवी प्रसाद घिमिरे<br>पति : कृष्ण पोखरेल<br>ठेगाना : झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ११, दुधे बजार ।<br><br>ब्यक्तिगत जमानीकर्ताहरु :<br>**श्री खगेन्द्र पोखरेल**<br>बाबु : विष्णु प्रसाद पोखरेल<br>बाजे : भगिरथ पोखरेल<br>ठेगाना : झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ११, दुधे बजार । | **चालुपुंजी कर्जा र आवाश कर्जा** | <br>**कृष्ण पोखरेल**<br><br><br>**मञ्जू पोखरेल**<br><br><br>**खगेन्द्र पोखरेल** | **श्री कृष्ण पोखरेल**को नाममा मा.पो.का., **दमक**, झापामा दर्ता कायम रहेको **झापा जिल्ला, शिवगञ्ज गा.वि.स. वडा नं. ०७, साबिक: शिवसताक्षी न.पा. वडा नं. ११** स्थित **कि.नं. ७०७०** को क्षेत्रफल **बि.क.धु. ०-०-५**, कि.नं. **९०१७** को क्षेत्रफल **बि.क.धु.** ०-०-९, कि.नं. **९०४८** को क्षेत्रफल **बि.क.धु.** ०-०-२.५, कि.नं. **९६३९** को क्षेत्रफल **बि.क.धु.** ०-०-१.२५, कि.नं. **९६४१** को क्षेत्रफल **बि.क.धु.** ०-०-२, र सो जग्गाहरुमा बनेको **घर** ।<br><br>साथै, कि.नं. **१६८०४** को क्षेत्रफल **बि.क.धु.** ०-११-१९.५०, कि.नं. **२२०५७** को क्षेत्रफल **बि.क.धु.** ०-७-१०, **कि.नं. ६४९** को क्षेत्रफल **बि.क.धु.** १-२-१९, कि.नं. **८६** को क्षेत्रफल **बि.क.धु.** ०-२-० को जग्गा र जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लिलामीका शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रमा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा आफूले लिन चाहेको सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । कुनै ग्राहकको लिलाम विक्री गर्न लागिएको सम्पत्ति सबै नलिई केही मात्र लिन चाहने बोलपत्रदाताले सोही सूचनाको आधारमा आफूले लिन चाहेको सम्पत्तिको मात्र स्पष्ट विवरण उल्लेख गरी सोको मूल्य अंक र अक्षरमा भर्नु पर्नेछ ।

२. गोप्य शिलबन्दी बोलपत्रमा ऋणीको नाम अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, बोलपत्रको खाम बाहिर समेत ऋणीको नाम उल्लेख हुनु पर्नेछ ।

३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशत रकम यस बैंकमा जम्मा गरेको भौचरको अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गर्ने संस्था कार्यालयको नाउँमा खिचिएको ड्राफ्ट वा संस्था जमानत पत्र सक्कल प्रति पेश गर्नु पर्नेछ ।

४. लिलाम बिक्री हुने धितो सुरक्षण हेर्न चाहेमा वा लिलाम बिक्री हुने सम्पत्ति वापत ऋणीले तिर्न बुझाउन बांकी रकम बारे जानकारी लिन चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र यस बैंकमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै, सोही अवस्था तथा प्रमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र बांकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागुञ्जेलसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।

७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा नै निहित रहने छ ।

९. स्वीकृत भएको बोलपत्रदाताको नाममा सम्पत्ति दाखिला खारेज गर्दा लाग्ने दस्तुर, पूंजीगत लाभकर, अन्य कर तथा फुटकर खर्च आदी स्वयं बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

१०. वोलपत्र खोलिने दिन तथा समयमा ऋणी, धितोजमानत कर्ता , जमानत कर्ता ब्यक्तिहरु लगायत सम्बन्धित सबैलाई उपस्थित हुन यसै सूचना मार्फत जानकारी गराइन्छ । निजहरु अनुपस्थित रहेमा पनि लिलाम कार्य रोकिने छैन ।

११. बोलपत्र सदर/बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ ।